annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २७० पृष्ठ ८ | काठमाडौं, सोमबार २१ माघ २०८१ | मार्ग शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४५ | MONDAY, FEBRUARY 3, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

दलित भूमिहीन, सुकुम्बासी र अव्यवस्थित परिवार

# १५ लाखले पाउलान् जग्गाको स्वामित्व ?




दलित भूमिहीन, सुकुम्बासी र अव्यवस्थित परिवारलाई जग्गाको स्वामित्व (लालपुर्जा) दिनका लागि भूमिसम्बन्धी आयोग क्रियाशील बनेको छ। मुलुकभर झन्डै १५ लाख परिवारले जग्गाको स्वामित्व पाउने आयोगका पदाधिकारी बताउँछन्। यसबाट भूमिहीनताको अन्त्य हुने र नागरिक पनि जग्गाधनी हुने सरकारको भनाइ छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## अनलाइन जुवामा संलग्न २४ पक्राउ, ३ अर्ब बढीको ठगी

**अजवी पौडयाल** | *काठमाडौं*

ललितपुरको सानेपामा २ वटा सुविधा सम्पन्न घर भाडामा लिएर ठगी गर्ने २४ जना पक्राउ परेका छन्। उपत्यका अपराध अनुसन्धान कार्यालयले विभिन्न आठवटा बेटिङ एपमार्फत अनलाइन जुवा खेलाएर आर्थिक कारोबार गर्ने व्यक्तिहरू पक्राउ गरेका हो। पक्राउ पर्नेमा १० जना भारतीय र १४ जना नेपाली छन्।

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता काजीकुमार आचार्यका अनुसार ६ महिनादेखि उक्त घर भाडामा लिएर उक्त समूहले ३ अर्ब ४ करोड ७३ लाख ५६ हजार ६१२ रुपैयाँ बराबरको कारोबार गरेको थियो। प्रहरीका अनुसार भारतमा बस्दै आएका एक व्यक्तिले ६ महिनाअघि उक्त दुईवटा घर भाडामा लिएका थिए। भाडाबापत मासिक २ लाख तिर्ने सम्झौता भएको थियो। पक्राउ परेका व्यक्ति ती व्यक्तिका कामदार भएको बुझिएको छ। भारतमा बसेर ती व्यक्तिले यहाँका कामदारलाई काम लगाउने गर्थे। उनीहरूले ८ भन्दा बढी बेटिङ साइटहरू प्रयोग गरी भारतीय एजेन्टहरूसँग ह्वाटसएपमार्फत सम्पर्क गरेर अनलाइन जुवा खेलाउने गरेका थिए। प्रहरीको प्रारम्भिक अनुसन्धानका क्रममा अनलाइन जुवा खेलाउनका लागि उनीहरूले विभिन्न भारतीय नम्बर प्रयोग गर्ने गर्थे। प्रतिमहिना २५ देखि ३० हजार तलव दिने गरी १४ नेपाली र १० जना भारतीयलाई जुवा खेलाउने काममा राखिएको थियो।

उनीहरूले जुवाको रकम भारतका विभिन्न बैंक खाताबाट डिपोजिट र विथ ड्र गर्ने गर्थे। पछिल्लो ६ महिनामा मात्रै उनीहरूले ३ अर्ब ४ करोड ७३ लाख ५६ हजार ६१२ रुपैयाँ बराबरको कारोबार गरेका छन्। नेपालमा कुनै पनि प्रकारको जुवा खेल्न र खेलाउन कानुनी बन्देज छ।

पक्राउ परेका व्यक्तिहरूबाट प्रहरीले ५७ थान मोबाइल, १३ थान ल्यापटप, ३४ थान एटीएम कार्ड, ८८ थान सिमकार्ड, १२ थान चेकबुक, ८ थान आधार कार्ड र ६ थान राहदानी बरामद गरेको छ।

पक्राउ पर्नेमा भारतका उत्तर प्रदेश, उत्तराखण्ड, मध्यप्रदेश र बिहार प्रदेशका नागरिकहरू छन्। प्युठान, डोटी, सुर्खेत र दार्चुलाका व्यक्तिहरू रहेका छन्। प्रहरीका अनुसार उनीहरूले नेपालमा बसेर विभिन्न देशका नागरिकलाई अनलाइन जुवा खेलाउने गरेका थिए।

# प्राधिकरण टुक्र्याउने विधेयक फेरि संसद्मा

### सेवाप्रदायक र नियमनकारी छुट्टाछुट्टै प्राधिकरण

**सुनिता कार्की** | *काठमाडौं*



नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई टुक्र्याएर हवाई क्षेत्रमा सेवाप्रदायक र नियमनकारी निकाय अलग-अलग बनाउन सरकारले दुईवटा विधेयक संसद्मा दर्ता गरेको छ। उड्डयन क्षेत्रको सुरक्षा प्रभावकारी बनाउनका लागि सेवाप्रदायक र नियमनकारी निकाय अलग-अलग बनाउन विधेयक दर्ता गरिएको सरकारको भनाइ छ। आइकाओ र युरोपेली संघ (ईयु) ले मुलुकको हवाई सुरक्षामाथि प्रश्न उठाइरहेका छन्। ईयुको कालोसूची नहटेपछि हवाई सेवा प्रदायक र नियमनकारी निकाय छुट्टाछुट्टै बनाउनुपर्ने दबाब सरकारमाथि छ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक शनिबार संसद् सचिवालयमा दर्ता गरेका हुन्। प्राधिकरण टुक्र्याउन विधेयक संसद्मा दर्ता भएको यो दोस्रोपटक हो। सन् २०१३ मा नेपाली हवाई सेवा ईयूको कालोसूचीमा परेदेखि प्राधिकरण टुक्र्याउने पहल हुँदै आएको छ। प्राधिकरण नटुक्र्याएसम्म नेपाली आकाश सुरक्षित नहुने अन्तर्राष्ट्रिय समुदायले भन्दै आएको छ।

यसअघि ०७६ सालमा तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईले प्राधिकरण टुक्र्याउने विधेयक संसद्मा दर्ता गरेका थिए। त्यस बेला राष्ट्रियसभाबाट विधेयकहरू पारित भए पनि प्रतिनिधिसभाबाट पारित गर्न 'अलमल' गरिएपछि त्यसै निष्क्रिय भएका थिए। ०७८ साउन १८ गते राष्ट्रियसभाबाट विधेयक पारित भए। ०७९ असोज १ मा प्रतिनिधिसभाको कार्यकाल समाप्तिसँगै उक्त विधेयक निष्क्रिय भए। पर्यटनमन्त्री पाण्डेले मुलुकको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास तथा विस्तार गर्न, प्रभावकारी नियमन गरी नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय र भरपर्दो बनाउन विधेयक पेस गरिएको बताए।

उनले आधुनिक, सुविधायुक्त र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको विमानस्थल पूर्वाधार तथा सुरक्षित र भरपर्दो एयर नेभिगेसन प्रणालीको विकास गरी हवाई सेवालाई स्तरीय र प्रभावकारी बनाउन नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्ने सम्बन्धमा कानुनी व्यवस्था आवश्यक भएको बताए। मन्त्री पाण्डेले प्राधिकरणले नै हवाई सेवा प्रदायक र नियामकीय निकायको काम गर्दा स्वार्थ बाझिने भएकाले यसलाई टुक्र्याउन आवश्यक रहेको बताए।

विधेयकमा प्रचलित ऐन ०५३ लाई खारेज गर्दै अहिले विद्यमान रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणलाई छुट्टाछट्टै संस्थाका रूपमा अस्तित्वमा ल्याउने व्यवस्था गरिएको छ। हवाई सेवा प्रदायक र नियमनकारी निकायका रूपमा नेपाल नागरिक उड्डयन प्राधिकरणलाई विभाजन गर्ने तयारीका साथ विधेयक ल्याइएको हो। उड्डयन प्राधिकरण ऐन २०५३ को ऐन पछि तत्कालीन हवाई विभागलाई हटाइ प्राधिकरण गठन गरिएको थियो।

» बाँकी पृष्ठ ६

## सहकारी ठगीमा जिसस म्याग्दीका प्रमुख थापा पक्राउ



**अन्नपूर्ण** (काठमाडौं) : सहकारीको रकम हिनामिना गरेको आरोपमा जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख पक्राउ परेका छन्। म्याग्दीको बेनीमा रहेको कुमारी सहकारी संस्थाको डेढ अर्ब रुपैयाँ हिनामिनाका आरोपित राजकुमार थापा पक्राउ परेका हुन्।

जिसस प्रमुख थापासहित अन्य ४ जना पनि पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय म्याग्दीका अनुसार प्रमुख थापासहित सहकारीका पूर्वअध्यक्षहरू मनप्रसाद थजाली, थमबहादुर गर्वुजा, पूर्वकोषाध्यक्ष देवी थापा मगर र पूर्वव्यवस्थापक रुद्रबहादुर गुरुङलाई पक्राउ गरिएको हो। सहकारी रकम हिनामिनाको आरोपप लागेका अन्य ४ जना आरोपी प्रहरी कार्यालयमा आफैं उपस्थित भए थिए।

# विदेशी मुद्रा सञ्चिति बढ्यो, वैदेशिक लगानीमा सुधार

**ममता थापा** | *काठमाडौं*



- प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई)४३.१४ प्रतिशतले बढ्यो
- विदेशी विनिमय सञ्चिति २३ खर्ब १६ अर्ब नाघ्यो
- ७ खर्ब ६३ अर्ब रेमिट्यान्स भित्रियो
- शोधनान्तर २ खर्ब ४९ अर्ब बचतमा
- भ्रमण आम्दानीभन्दा खर्च बढी
- तरकारीको मूल्य धेरै बढ्यो

मुलुकको आन्तरिक अर्थतन्त्र शिथिल भए पनि अर्थतन्त्रका बाह्य क्षेत्रमा भने राम्रै सुधार देखिएको छ। राष्ट्र बैंकले प्रकाशित गरेको ६ महिनाको तथ्यांकअनुसार मुलुकबाट बाहिरिनेभन्दा भित्रिने विदेशी मुद्रा धेरै छ। त्यसैकारण शोधनान्तर स्थिति निरन्तर बचतमा छ। महिनैपिच्छे रेमिट्यान्सको आकार बढ्दो छ। मुलुकको विदेशी विनिमय सञ्चितिको आकार पनि निकै बढेर २३ खर्ब १६ अर्ब ८४ करोड पुगेको छ। यसबाट मुलुकले १४ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्थिति बनेको छ।

विशेष गरेर सरकारले अर्बौं खर्चेर लगानी सम्मेलन गरे पनि प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) भित्रिन नसकेको यथार्थता छ। तर, पछिल्लो तथ्यांकले भने एफडीआईमा झिनो सुधार भएको देखिन्छ। चालु आर्थिक वर्षको पुससम्ममा ६ अर्ब ५० करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४३.१४ प्रतिशत अर्थात् १ अर्ब ९६ करोड रुपैयाँ बढी हो। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) ४ अर्ब ५४ करोड रुपैयाँ भित्रिएको थियो।

**आधा वर्षमा ७ खर्ब ६३ अर्ब रेमिट्यान्स**

वैदेशिक रोजगारीबाट प्राप्त गर्ने विप्रेषणमा भने राम्रै सुधार देखिएको छ। राष्ट्र बैंकको आइतबार प्रकाशित गरेको चालु आर्थिक वर्षको ६ महिनासम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिले विप्रेषण (रेमिट्यान्स) आप्रवाह ४.१ प्रतिशतले वृद्धि भएको छ। अर्थात्, ६ महिनामा ७ खर्ब ६३ अर्ब ८ करोड रेमिट्यान्स भित्रिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.२ प्रतिशतले बढेको थियो।

अहिले अमेरिकी डलरमा रेमिट्यान्स १.१ प्रतिशतले वृद्धि भई ५ अर्ब ५८ करोड पुगेको छ। समग्रमा रेमिट्यान्स बढ्नुको एउटा कारण बर्सेनि वैदेशिक रोजगारीमा जानेको संख्या बढ्नु हो। तथ्यांकअनुसार अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिनेको संख्या २ लाख ३० हजार ४३९ र पुनः श्रम स्वीकृति लिनेको संख्या १ लाख ६२ हजार ६२८ रहेको छ। जबकी गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः २ लाख ६ हजार ३९० र १ लाख ३३ हजार ९४० थियो।

**विदेशी विनिमय सञ्चिति २३ खर्ब १६ अर्ब नाघ्यो**

मुलुकसँग कुल विदेशी विनिमय सञ्चिति १३.५ प्रतिशतले वृद्धि भई २३ खर्ब १६ अर्ब ८४ करोड पुगेको छ। यो चालु आवको पुससम्मको तथ्यांक हो। अमेरिकी डलरमा यस्तो सञ्चिति असारको तुलनामा १०.३ प्रतिशतले वृद्धि भई १६ अर्ब ८४ करोड पुगेको हो। जसमा नेपाल राष्ट्र बैंकमा २० खर्ब ७२ अर्ब ३४ करोड र बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग २ खर्ब ४४ अर्ब ५० करोड रुपैयाँ विदेशी विनिमय सञ्चिति कायम छ। यस्तो सञ्चितिमा भारतीय मुद्राको अंश २४.३ प्रतिशत छ। समग्रमा आर्थिक वर्ष २०८१/८२ को ६ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७.३ महिनाको वस्तु आयात र १४.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले बताएको छ। शोधनान्तर २ खर्ब ४९ अर्ब वचतमा

मुलुकबाट बाहिरिनेभन्दा भित्रिने विदेशी मुद्रा अधिक हुँदा ६ महिनामा शोधनान्तर स्थिति २ खर्ब ४९ अर्ब २६ करोडले बचतमा छ। गत वर्षको सोही अवधिमा शोधनान्तर स्थिति २ खर्ब ७३ अर्ब ५२ करोडले बचतमा थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २ अर्ब ६ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब ८२ करोडले बचतमा छ। यससँगै, मुलुकको चालु खाता १ खर्ब ४८ अर्ब १७ करोडले बचतमा छ। गत वर्षको सोही अवधिमा १ खर्ब ६२ अर्ब ५६ करोडले बचतमा थियो। अमेरिकी डलरमा १ अर्ब ८ करोडले बचतमा छ। यस्तै खुद पुँजीगत ट्रान्सफर ४ अर्ब २ ९ करोड रुपैयाँ छ।

**भ्रमण आम्दानीभन्दा खर्च बढी**

नेपालबाट अन्य मुलुक उपचार गर्न, घुम्न र अध्ययन गर्न जानेहरूले गरेको खर्चको आकार बढ्दा सेवा खाता घाटामा छ। नेपाल भित्रिने पर्यटकबाट हुने आम्दानीभन्दा नेपालीले विदेशमा गर्ने खर्च बढी देखिन्छ। जस्ले गर्दा चालु आवको ६ महिनामा खुद सेवा आय ४३ अर्ब ५३ करोड रुपैयाँले घाटामा रहेको राष्ट्र बैंकले तथ्यांकमा उल्लेख गरेको छ। यद्यपि गत आवको सोही अवधिमा खुद सेवा आय ३५ अर्ब ४३ करोडले घाटामा थियो।

» बाँकी पृष्ठ ६